# राष्ट्रिय प्राणी उद्यान



Website : http//:www.nationalzoologicalgarden.gov.np

प्रकाशक :
राष्ट्रिय प्राणी उद्यान, सूर्यविनायक, भक्तपुर
फोन नं. ०१-५७०८०१०

## १.पृष्ठभूमि :-

नेपालमा विभिन्न कालखण्डका शासन प्रणालीमा जैविक विविधता संरक्षणमा लिखत, सनद, आदेश, उर्दी र ऐन एवं नियमावलीहरुको तर्जुमा र कार्यान्वयन गरेर कानूनी आधार लिएको देखिन्छ। यसरी जैविक विविधताको संरक्षण हुदै आएता पनि मुलुकी ऐन (२०१९) जारी भएपछि वन र वन्यजन्तुको संरक्षणका लागि अपराधजन्य कार्य नियन्त्रण गर्न दण्ड सजायको व्यवस्था भएको पाईन्छ। वन्यजन्तु संरक्षण कार्यलाई प्रभावकारी बनाउन वि.सं २०२९ सालमा "राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन" विशेष ऐन तर्जुमा गरेर कार्यान्वयनमा ल्याईएको छ। यो ऐनको पाँचौ संशोधन हुँदा चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना गर्न सकिने(दफा १५ ग) व्यवस्था गरिएको छ। वन्यजन्तु संरक्षणको लागि मूलतः २ वटा पद्धतिहरु अपनाईएका छन्। पहिलोमा वन्यजन्तुको प्राकृतिक वासस्थानमा तिनीहरुको संरक्षण गर्ने। दोश्रोमा वन्यजन्तुलाई तिनीहरुको प्राकृतिक वासस्थानमा नभई, सीमित क्षेत्रफलको भू-भागमा कृत्रिम बासस्थान निर्माण गरेर वा घेराबारामा र कृत्रिम वासस्थानमा वन्यजन्तु राखिने चिडियाखानाले पनि सामान्यतया वन्यजन्तुको संख्या बढाउने प्रजनन् केन्द्र, सङ्कटापन्न एवं लोपोन्मुख प्रजातिको संरक्षण, घाईते तथा टुहुरा वन्यजन्तुको उपचार र हेरचाह, संरक्षण शिक्षाका साथै मानव जातिको लागि आमोद-प्रमोद प्रदान गर्न सहयोग पुऱ्याउदछ। नेपालमा व्यक्तिगत तवरमा नै भए पनि राणा प्रधानमन्त्री जुद्ध सम्शेरले ललितपुरको जावाखेलमा वि.सं.१९८९ मा ६ हेक्टर (१२० रोपनी) क्षेत्रफलमा चिडियाखाना निर्माण गरेर संञ्चालनमा ल्याएका थिए। वि.सं.२००७ को राजनीतिक परिवर्तन पछि व्यक्तिगत चिडियाखानाको स्वामित्व नेपाल सरकारमा आयो। यसलाई वि.स.२०११ सालदेखि सर्वसाधारणलाई अवलोकन गर्नको लागि खुल्ला गरियो। जावलाखेलस्थित "सदर चिडियाना" को नामले परिचित नेपालको पहिलो चिडियाखानाको रुपमा रहेको सदर चिडियाखानाको व्यवस्थापकीय जिम्मेवारीमा वन तथा वातावरण मन्त्रालय रहेकै अवस्थामा वि.स.२०५२ सालदेखि ३० वर्षको लागि व्यवस्थापन र संञ्चालनको जिम्मेवारी राष्ट्रिय प्रकृति संरक्षण कोषलाई सुम्पिएको छ। विगत केही वर्षदेखि वन्यजन्तु संरक्षण प्रति मानिसहरुको चासो बढ्नाले स्थानीयस्तरमा मुलुकको विभिन्न स्थानहरुमा चिडियाखानाहरु स्थापना र संञ्चालनमा ल्याइएकाछन्। वन्यजन्तु संरक्षणसंग सम्बन्धित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा पाँचौ संशोधन वि.सं.२०७३ अगाडिसम्म चिडियाखाना स्थापना र संञ्चालनको व्यवस्था कानूनीरुपमा थिएन। सो ऐनको पाँचौ संशोधनबाट चिडियाखानाको स्थापना र संञ्चालन गर्ने कानूनी आधारशीला तयार भएको छ।



## २. परिचय :-

नेपाल सरकार मन्त्रीपरिषद्बाट मिति २०७१/१०/२९ मा भक्तपुर जिल्लाको तत्कालिन गुण्डु, सिपाडोल तथा कटुन्जे गा.वि.स. अन्तर्गत रहेको सामुदायिक वनहरुमध्ये सूर्यविनायक सामुदायिक वन (४६.२५५ हेक्टर), सेतीदेवी सामुदायिक वन (४४.५०४ हेक्टर), मन्थली सामुदायिक वन (६४.८७४ हेक्टर),बालकुमारी सामुदायिक वन (१४.६७७ हेक्टर), लिखानारायण सामुदायिक वन (४०.०१४ हेक्टर) सञ्जिवनी सामुदायिक वन (१५.०२१ हेक्टर), तथा सरकारद्वारा व्यवस्थित वन क्षेत्रको (४०.५०४ हेक्टर) समेत गरी २४५.१६५ हेक्टर वन क्षेत्रमा राष्ट्रिय प्राणी उद्यान स्थापना गर्ने निर्णय भई सर्वसाधारणको जानकारीको लागि नेपाल सरकारद्वारा प्रकाशित खण्ड श६४ काठमाण्डौं, चैत्र १६ गते, २०७१ साल (संख्या ४४ को नेपाल राजपत्रम सुचना प्रकाशित भयो सो वन क्षेत्रलाई राष्ट्रिय प्राणी उद्यान स्थापना गर्नको लागि औपचारिक रुपमा स्थापना कार्य सुचारु गर्ने उद्देश्यले मिति २०७३ आषाढ ९ गते बिहीवारको दिन सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीज्यूबाट शिलान्यास कार्य सु-सम्पन्न भयो। भक्तपुर जिल्लाको सूर्यविनायक नगरपालिका वडा नं. ६,७ र ८ को आंशिक भू-भागमा अवस्थित निर्माणधीन यस उद्यान समुन्द्रि सतहबाट १३७० मी. देखि १५४० मी. को उचाईमा रहेको छ। यहाँ मुख्यतया कटुस-चिलाउनेको मिश्रित वन रहेको छ। वार्षिक औषत वर्षा १५५७ मि.लि. र औसत तापक्रम १७.६ डिग्री सेल्सियस रहेको यस क्षेत्रमा तराई र उच्च पहाडि क्षेत्रमा हुने वनस्पति तथा वन्यजन्तुसमेत पाईने हुनाले यहाँको जैविक विविधता अनुपम रहेको छ। काठमाण्डौं उपत्यकाको समीपमा रहेकोले पर्याटकीय सम्भावना प्रचुर रहेको छ।

## ३. उद्देश्य :-

- दुर्लभ एवं संकटापन्न प्रजातिको कृत्रिम प्रजननबाट संख्या बढाउने।
- वन्यजन्तुको स्वभाव एवं आनीवानीबारे अध्ययन।
- जैविक विविधता संरक्षणको लागि संरक्षण शिक्षा प्रदर्शन स्थल।
- मानव समुदायलाई मनोरञ्जन आमोद-प्रमोद।
- वन्यजन्तुको उद्दार एवं उपचार।



राष्ट्रिय प्राणी उद्यान र उद्यान क्षेत्रमा पाईने जैविक विविधताको समष्टि निम्नानुसार छ।

| | |
|---|---|
| स्थापना | २०७१/१०/२९ |
| राजपत्रमा प्रकाशित | २०७१/१२/१६ |
| क्षेत्रफल | २४५.१६५ हे. |
| मुख्य वन्यजन्तु प्रजाति | सामान्य चितुवा, रतुवा, चरीबाघ |
| मुख्य वन | चिलाउने-कटुस |
| चरा प्रजाति | ९८ |
| स्तनधारी वन्यजन्तु प्रजाति | १० |
| पारिस्थितिकीय प्रणाली<br>- | Hygrophytic *Schima wallichii*<br>*Castanopsis tribuloides* /<br>Hygrophyric Schima wallichii Forest |
| वानस्पतिक प्रजाति | ६७८ |
| रुख प्रजाति | १२४ |
| बुट्यान प्रजाति | १०२ |
| जडिबुटी | ४२४ |
| लहरा प्रजाति | २८ |

## ५.दर्शनीय एवं भ्रमण आकर्षण स्थल :-

राष्ट्रिय प्राणी उद्यान क्षेत्रको जैविक विधिधता अवलोकन आफैंमा आकर्षकीय छ। गणेश मन्दिर, पाईलट बाबा आश्रम, डोलेश्वर मन्दिर, रानिकोट दरबार, घ्याम्पे डाँडा लगायत यहाँका मुख्य पर्यटकीय आकर्षण हुन्।






## ४. जैविक विविधता :-

यहाँको सुक्ष्म जलवायुको कारणले विशेषतः Hygrophytic *Schima wallichii-Castanopsis tribuloides* / Hygrophyric Schima wallichii Forest गरी दुईवटा पारिस्थितीकीय प्रणालीहरु समेटेको छ। सथै वृक्षारोपण गरेको सल्लाको बन पनि छ।

### ४.१ वन्यजन्तु :-

पछिल्लो अध्ययन अनुसार राष्ट्रिय प्राणी उद्यान क्षेत्रमा पाईने चरा ९८ प्रजातिका छन् भने स्तनधारी वन्यजन्तु १४ प्रजातिका छन् जसमध्ये चितुवा,रतुवा, चरीबाघ, सालक,बदेल, दुम्शी,ढेडु, खरायो, न्याउरीमुसा, निरबिरालो, बादर यस क्षेत्रका मुख्य स्तनधारी जन्तु हुन्।



### ४.२ वनस्पति :-

सूर्यविनायक वन क्षेत्रमा वानस्पतिक प्रजातिको अनुपम विधिधता छ। पछिल्लो अध्ययन अनुसार यस क्षेत्रमा ६७८ प्रजातिका वनस्पतिको अभिलेख भएको छ। जसमध्ये रुख १२४ प्रजाति, बुट्यान १०२ प्रजाति, जडिबुटी ४२४ प्रजाति र लहरा २८ प्रजाति रहेका छन्।

